# सोपान फर्मास्युटिकल्स लिमिटेड
# SOPAN PHARMACEUTICALS LIMITED

"The Healing Partner"

**Corporate Office :** Subidhanagar, Tinkune, Kathmandu, Nepal
**Factory Office :** Mahalaxmi Municipality-8, Lalitpur, Nepal
**Ph no.:** +977-1-4671212, 4671213 | **Email:** info@sopanpharma.com
**Website :** www.sopanpharma.com

## Unaudited Standalone Statement of Financial Position
### As on Ashad 32, 2083 (July 16, 2026)

Amount in NPR

| Particulars | As on Ashad 32, 2083 (July 16, 2026) Unaudited | As on Ashad 31, 2082 (July 16, 2025) Audited |
|---|---:|---:|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, Plant and Equipment | 1,464,105,044 | 1,474,996,229 |
| Intangible Assets | - | 21,605 |
| Investments | 225,000,000 | 150,000,000 |
| Deferred Tax Assets | - | - |
| **Total Non-Current Assets** | **1,689,105,044** | **1,625,017,834** |
| **Current Assets** | | |
| Inventories | 51,107,552 | 103,420,484 |
| Trade and Other Receivables | 833,855,079 | 564,358,774 |
| Loan, Advances and Deposit | 94,590,217 | 21,468,942 |
| Cash and Cash Equivalents | 39,562,658 | 10,292,297 |
| **Total Current Assets** | **1,019,115,506** | **699,540,496** |
| **Total Assets** | **2,708,220,550** | **2,324,558,331** |
| **EQUITY AND LIABILITIES** | | |
| Capital and Reserve | | |
| Share Capital | 1,716,000,000 | 1,287,000,000 |
| Reserves & Surplus | 367,312,039 | 329,022,950 |
| **Total Equity** | **2,083,312,039** | **1,616,022,950** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Loans and Borrowings (Secured) | 402,500,000 | 438,423,018 |
| Other Advances | 5,000,000 | 5,000,000 |
| Deferred Tax Liability | 87,603,364 | 80,310,204 |
| **Total Non-Current Liabilities** | **495,103,364** | **523,733,222** |
| **Current Liabilities** | | |
| Loans and Borrowings (Secured) | 20,854,380 | 107,265,000 |
| Trade Payables | 87,920,880 | 40,732,029 |
| Other Payables | 21,029,887 | 36,805,130 |
| Income Tax Liabilities | - | - |
| **Total Current Liabilities** | **129,805,147** | **184,802,159** |
| **Total Liabilities** | **624,908,512** | **708,535,381** |
| **Total Equity and Liabilities** | **2,708,220,550** | **2,324,558,331** |

## Unaudited Standalone Statement of Profit or Loss
### For the Year Ended Ashad 32, 2083 (July 16, 2026)

Amount in NPR

| Particulars | Year ended Ashad 32, 2083 (July 16, 2026) Unaudited | Year ended Ashad 31, 2082 (July 16, 2025) Audited |
|---|---:|---:|
| **Income** | | |
| Revenue from Operations | 511,472,511 | 500,531,574 |
| Cost of Goods Sold | 280,317,299 | 120,181,057 |
| **Gross Profit** | **231,155,212** | **380,350,517** |
| Other Income | 1,233,987 | 19,746,338 |
| | **232,389,200** | **400,096,855** |
| **Expenses** | | |
| Selling And Distribution Expenses | 64,487,456 | 40,700,542 |
| Administrative Expenses | 62,001,259 | 42,718,484 |
| Depreciation and Amortization Expenses | 16,383,195 | 18,495,030 |
| **Profit from operations** | **89,517,290** | **298,182,799** |
| Finance Costs | 43,935,041 | 56,874,413 |
| Profit Before Tax | 45,582,249 | 241,308,386 |
| **Income Tax Expense:** | | |
| Current Tax | - | - |
| Deferred Tax | 7,293,160 | 23,516,835 |
| **Profit after Tax** | **38,289,089** | **217,791,551** |
| **Profit attributable to:** | | |
| Parent | 38,289,089 | 217,791,551 |
| NCI | | |
| **Earning Per Share** | **2.23** | **18.33** |
| **Earning Per Share (Annualized)** | **2.23** | **18.33** |

**Notes:**
1) The above mentioned figures are provisional only and subject to change during the statutory audit of books of accounts.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०८२/०८३ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तिय विवरण**:

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
यस कम्पनीको चौथो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

**(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E Ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरणः**
प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिक) | रु. २.२३ | प्रति शेयर नेटवर्थ | रु. ९६.३४ | प्रति शेयर सम्पत्तिको मूल्य | रु. १५७.८२ |

**२. व्यवस्थापकीय विश्लेषण** :

**(क) त्रैमासिक अवधिमा संस्थाको मौजदात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
यस त्रैमासिक अवधिमा मौज्दात, आम्दानी र तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेको छ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**
कम्पनीको उद्देश्य अनुरुप यस संस्थाले उच्च गुणस्तरको औषधीहरुको उत्पादन र बिक्री वितरण गर्ने कार्य गरेको छ। आगामी दिनहरुमा पनि गुणस्तरमा कुनै किसिमको सम्झौता नगरी अझ विशेषीकृत वर्ग अन्तर्गत Cardio, Diabiates र Urology सम्बन्धी औषधीहरुको उत्पादन र बिक्री वितरणमा जोड दिने रणनीती अनुरुप कामहरु अगाडी बढाइएको छ। साथै यस संस्थाका उत्पादनहरु विदेशमा निर्यात गरी बिक्री वितरण गर्न यथोचित प्रयासहरु भइरहेका छन्।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः**
बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी ढंगले अगाडी बढाँउदै मध्य पूर्वी एसियामा जारी यूद्धका कारण उत्पादन लागतमा भएको वृद्धिलाई मध्यनजर गर्दै कच्चा पदार्थको खरिद, संचिति एवम् भण्डारणलाई प्राथमिकतामा राखी नगद प्रवाहमा तात्विक असर पर्न नदिन कम्पनीले सर्तकताका साथ नियन्त्रित कारोबारको अवधारणा अवलम्बन गर्नेछ।

**३. कानुनी कारवाही सम्वन्धी विवरण** :

**(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भएः**
त्रैमासिक अवधिमा कम्पनीले वा कम्पनी विरुद्ध कुनै पनि मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचनासमेत प्राप्त भएको छैन।

**(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः**
संस्थालाई यस सम्बन्धमा कुनै सूचना तथा जानकारी प्राप्त भएको छैन।

**(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भएः**
कम्पनीको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना वा जानकारी कम्पनीलाई प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
कम्पनीको शेयर कारोबार खुल्ला बजारले निर्धारण गर्ने मूल्य र मान्यता अनुरुप निर्देशित हुने हुँदा व्यवस्थापनको कुनै विशेष धारणा नरहेको।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः**
त्रैमासिक अवधिको कारोबार विवरण निम्नानुसार रहेको छ।

| | | | |
|---|---|---|---|
| त्रैमासिक अवधिको शेयरको अधिकतम मूल्य | रु. १,२१७ | त्रैमासिक अवधिको शेयरको न्यूनतम मूल्य | रु. २७६.५० |
| त्रैमासिक अवधिको शेयरको अन्तिम मूल्य | रु. ७८० | त्रैमासिक अवधिमा कारोबार भएको कूल दिन | २९ दिन |
| त्रैमासिक अवधिमा भएको जम्मा कारोबार संख्या | १२७,०५५ | त्रैमासिक अवधिमा भएको कुल कारोबार शेयर संख्या | १८,९४,४८४ |

**५. समस्या तथा चुनौती** :

**(क) आन्तरिक समस्या तथा चुनौतीहरुः**
बिक्री लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसक्नु र ग्राहकसँगको असुलीमा योजना बमोजिम सफलता प्राप्त नहुँदा प्राप्य रकम बढ्न गएको।

**(ख) वाह्य समस्या तथा चुनौतीहरुः**
अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धि सँगै मध्यपुर्व द्वन्द (इजरायल-इरान युद्ध) का कारण कच्चा पदार्थ सहित इन्धनको मूल्यमा भएको अस्वभाविक वृद्धिका कारण उत्पादन लागतमा वृद्धि हुन गएको। साथै निर्धारित बिक्री मूल्यमा बढेको लागतलाई समायोजन गर्ने प्रावधान नरहेको हुँदा औसत नाफादर घटेको।

**(ग) रणनीतिहरुः**
बिक्री लक्ष्य अनुसार व्यवसाय विस्तार गर्न नयाँ मार्केटिङ डिभिजन प्रवर्तन गर्ने, डिष्ट्रिब्युटर नेटवर्क विस्तार गर्ने तथा बजार माग अनुसारका उत्पादनहरुलाई प्राथमिकता राखी बिक्री वितरण गर्ने। प्राप्य रकम असुलीलाई प्रभावकारी बनाउने, कच्चा पदार्थको मौज्दातमा सुक्ष्म निगरानी एवम् खरिद प्रक्रियालाई चुस्तदुरुस्त बनाउने रणनीति अवलम्बन गर्ने।

**६. संस्थागत सुशासन** :
कम्पनीले संस्थागत सुशासन कायम गर्न सञ्चालक समितिको नियमित बैठक, सञ्चालकहरुको नेतृत्वमा लेखा परिक्षण समिति लगायत विभिन्न समिति/उपसमितिहरु मार्फत आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने अभ्यास अवलम्बन गरेको छ। साथै प्रचलित कानून, नीतिनियम, नियमन निकायबाट प्राप्त निर्देशनहरु एवं लेखापरिक्षकको सुझाव अनुसार कार्य सम्पादन गर्दै आएको छ। कम्पनीको कारोबारमा आर्कषित हुने ऐन लगायत धितोपत्र ऐन, नियम, निर्देशिका, सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको व्यवस्था बमोजिम कम्पनीले पालना गर्नु पर्ने व्यवस्थालाई पालना गर्ने र प्राप्त निर्देशनलाई कार्यान्वयन गर्दै जाने विषयमा कम्पनी दृढ रहेको जानकारी गराउँदछौं।

**७. सत्य तथ्यताको सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण** :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।